# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) काभ्रे २०८१ चैत्र २९ गते , २०८१ साल

# भाग-२

## बेथानचोक गाउँपालिका , काभ्रेपलाञ्चोकको सूचना

# सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिका**

**बाल कल्याण कोष (स्थापना र सञ्चालन) कार्यविधि २०८१**

**बेथानचोक गाउँपालिकाको**

**बाल कल्याण कोष (स्थापना र सञ्चालन) कार्यविधि २०८१**

प्रस्तावनाः

प्राकृतिक विपद, दुर्घटना, द्वन्दकाकारण जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गरी उनीहरुको हकहितको संरक्षण संवद्र्धन गरी शारीरिक, मानसिक, बौद्धिक र संवेगात्माक विकासमा सहयोग पुर्याइ बाल अधिकारको संरक्षण र सम्वद्र्धनका लागि कानूनी व्यबस्था गर्न बाञ्छनिय भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि बेथानचोक गाउँ कार्यकालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद १**

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यबिधिको नाम बेथानचोक गाउँपालिका बाल कोष (स्थापना र संचालन) कार्यविधि, २०८१" रहेको छ ।

ख. यो कार्यविधि बेथानचोक गाउँकार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कोष" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले बेथानचोक गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नगरेका व्यक्ति सम्झनुपर्दछ ।

(घ) "बिशेष संरक्षणको आवश्यकतामा भएका बालबालिका" भन्नाले देहायक अवस्थाका बालबालिका सम्झनु पर्दछ ।

(१) बाबुआमा दुवै गुमाएका , बाबुआमा वेपत्ता भएका, बाबुआमाले अर्को विवाह गरी दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भएका बालबालिका,

(२) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमा बाट अलगिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे अवस्थामा रहेका बालबालिका,

(३) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपांगता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(४) कानुनी विवादमा परेकामध्ये दिशान्तर प्रकृया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(५) थुनामा रहेका वा बन्दी बाबु वा आमासंग आश्रित भई कारागारमा रहेका बालबालिका, (६) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण र संरक्षण गर्न नसक्ने भनी सम्बन्धित अधिकृत समक्ष निवेदन परेका बालबालिका,

(७) बाबु आमा वा अभिभावकबाट दुव्र्यवहार हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(८) शारीरिक वा मानसिक यातना वा भेद भाव वा यौन शोषण वा दुव्र्यवहार जस्ता घटनाबाट पीडित भएकोमा परिवारद्धारा स्वीकार नगरिएका बालबालिका,

(९) बधुवा वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिका वा प्रचलित कानुन विपरीत जवरजस्ती श्रममा संलग्न गराई जीवनयापन गरिरहेका बालबालिका,

(१०) धुम्रपान मद्यपान एवं अन्य लागुऔषधको कुलतमा फसेका बालबालिका,

(११) सडक बालबालिका,

(१२) एच.आई भी र एडस संक्रमित तथा प्रभावित बालबालिका,

(१३) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भिर अपांगता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवन यापन गर्न कठिनाई भएका बालबालिका,

(१४) बालबालिका बिरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(१५) विपद वा सशस्त्र द्धन्द्ध वा दुर्घटनाका कारणले बाबुआमा दुबै वा आमा बुबा मध्ये एक गुमाएका, बेपत्ता भएका वा मानसिक रुपमा घाइते वा अपांगता भएका वा मानसिक सन्तुलन गुमाएका बालबालिका,

(१६) विपन्न, दलित, लोपोन्मुख र पिछडा वर्गका बालबालिका,

(१७ं) अपहरण वा शरीर बन्धकमा परी शारीरिक वा मानसिक रुपमा विक्षिप्त भएका बालबालिका,

(१८) बेचविखन वा ओसारपसारमा परी शारीरिक वा मानसिक रुपमा विक्षिप्त भएका बालबालिका,

(१९) जवरजस्ती र करकापबाट बालविवाहमा परेका बालबालिका,

(२०) मन्त्रालयले प्रदेश राजपत्रमा सुचना प्रकाशित गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका,

(च) "सचिव" भन्नाले प्रदेश सामाजिक विकास मन्त्रालयको सचिव सम्झनु पर्दछ ।

(छ) "संचालक समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कोष संचालक समिति सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले बेथानचोक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(झ) "उपाध्यक्ष" भन्नाले बेथानचोक गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ञ) "उजुरी प्रशासक" भन्नाले गाउँपालिकाको न्यायिक न्यायीक शाखा प्रमुख लाई उजुरी प्रशासक सम्झनु पर्दछ ।

(ट) "गाउँसभा "भन्नाले बेथानचोक गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले बेथानचोक गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतको कामकाज गर्न तोकिएको अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद ३

## कोषको स्थापना

३.१ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार राहत र पुनस्र्थापना गर्नका लागि एक बाल कल्याण कोष स्थापना गरिने छ । उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) नेपाल सरकार बाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाउँसभा बाट बिनियोजन भएको रकम,

(घ) अन्य स्थानीय तहबाट बाल कोष÷बालकल्याण कोषको निमित्त प्राप्त भएको रकम,

(ङ) नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार,बिदेशी विकास साझेदार अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) स्वदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

छ) बालवालिका सम्बन्धि अन्य रकम ।

(२) गाउँपालिकाले आर्थीक बर्ष ०८१÷८२ मा आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम मासिक २००० ले भत्ता वितरण र आवश्यक सामग्री खरिद तथा वितरण शिर्षकको रकम,

**परिच्छेद ४**

**कोषको उपयोग**

४.१ (१) दफा ३ बमोजिम स्थापना भएको कोषको रकम देहायको कार्यमा खर्च गरिनेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल राहत उपलब्ध गराउन,

(ग) खण्ड (क) बमोजिम उद्धार गरिएका बालबालिकालाई खानपान, लत्ताकपडा औषधी उपचार शिक्षा मनोविमर्ष सेवा, कानुनी सहायता, निरन्तर हेरचाह र संरक्षणका लागि पुनस्र्थापना वा दिशान्तर गर्न,

(घ) दफा ६(ख)(२) बमोजिमको बालबालिकालाई मासिक संरक्षण भत्ता प्रदान गर्न,

(२) उपदफा (१) मा लेखिए बमोजिम बाहेकको अन्य कार्यमा कोषको रकम उपयोग गर्न सकिने छैन । तर दफा ९ बमोजिमको कार्यमा खर्च गर्न यस कार्यबिधि बमोजिम बाधा पुगेको मानिने छैन ।

**परिच्छेद ४**

**कोषको रकम उपयोग गर्न नपाइने**

५.१ संचालक समितिको बैठक भत्ता, खाजा खर्च, भ्रमण खर्च, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने

छैन । तर दफा ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा कोषको रकम खर्च गर्न भने बाधा पुर्याएको मानिने छैन ।

## परिच्छेद ५

## कोषबाट गरिने खर्चको सीमा

५.१ (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको निमित्त देहाय बमोजिमको रकम खर्च गर्न सकिने छ,।

(क) विशेष संरक्षको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्दा लागेको बिल भरपाई बमोजिमको खर्चरकम समितिको निर्णय बमोजिम उपलब्ध गराईने छ ।

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई समितिको निर्णय अनुसार तत्काल राहत स्वरुप देहाय बमोजिमको रकम,

(१) विपद वा दुर्घटना वा द्धन्द्धमा परी बावुआमा दुवैको मृत्यु भएको वा बेपत्ता भएको अवस्थामा रु १५,००० ( पन्ध्र हजार रुपैया) सम्म मात्र एकमुष्ट राहत सहयोग प्रदान गर्न,

(२ं) बाबु वा आमाको मृत्यु भएका, वेपत्ता भएका अथवा बाबु वा आमाले अर्को विवाह गरी दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भएका १८ वर्ष उमेर पुरा नगरेका बालबालिकालाई मासिक रु २०००।— को दरले वार्षिक रुपमा बैङक खाता मार्फत भक्ता वितरण गरिने छ ।

(३) दफा ६(ख)(२)बमोजिमको भत्ता प्राप्त गर्न देहाय बमोजिमको योग्यता तथा कागजत आवश्यक हुनेछ ।

क. लाभग्राही बालबालिकाको योग्यताः

(१) बाबु र आमा दुबैको मृत्यु भएको, वेपत्ता भएका अथवा बाबु वा आमाले अर्को विवाह गरी दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भएका,

(२) १८ बर्ष उमेर पूरा नगरेको,

(३) ५ बर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको,

(४) कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको,

ख. भत्ता प्राप्त गर्न पेश गर्नु पर्ने आवश्यक कागजतहरुः

(१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) बाबु र आमा दुवैको मृत्यु भएको भए मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बेपत्ता भएको भए बेपत्ता भएको भनी खुल्ने कागजत वा अन्यत्र विवाह गरी गएको भए विवाह भएको भनी खुल्ने अन्य कागजात ।

(३) विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारीसपत्र (५ बर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र)

(४) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(५) सम्बन्धीत बालबालिकाको संरक्षक हो भनि वडाले दिएको सिफारीस पत्र,

(६) अन्य आवश्यक कागजतहरु ।

(ग) बालबालिकाको स्वास्थ्य अवस्था हेरी तत्काल स्वास्थ्य उपचारका लागी प्रति प्रभावित बालबालिकालाई एक पटकमा बढीमा रु १०००० (दश हजार रुपैया) सम्म मात्र समितिको संयोजकबाट सोझै प्रदान गर्न सकिनेछ । यसको लागि नेपाल सरकारबाट मान्यता प्राप्त चिकित्सकको प्रेस्क्रिप्शन सहितऔषधोपचार गरेको विलभरपाई बुझाउनु पर्नेछ । साथै खर्चको यथार्थ विवरण त्यसको लगतै बसेको समितिको बैठकमा समितिको संयोजकले पेश गर्नु पर्नेछ ।

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आपत्कालीन आश्रय दिनुपर्ने अवस्थामा निज बालबालिकाको साथमा रहने परिवार वा अभिभावक वा कानूनी संरक्षक वा संस्थाको प्रतिनिधि वा हेरचाहकर्ता एक जना समेतलाई जिल्ला सदरमुकाम वा अन्य स्थानमा बसेको प्रतिदिन रु १००० (एक हजार रुपैया) सम्म मात्र का दरले खाने बस्ने खर्च बढीमा ५ दिनसम्मको मात्र प्रदान गर्न सकिनेछ,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिबकालाई बाल अधिकार संरक्षण केन्द्र, बालगृह, पुनरुथापना केन्द्र वा बाल सुधार गृह वैकल्पिक हेरचाहका लागि पुनरुथापना वा दिशान्तर गर्दा निजको शिक्षा, स्वास्थ्य हेरचाह खाना पोषक लगायत अत्यावश्यक आवश्यकता परिपूर्तिका लागि लाग्ने मासिक खर्च समितिले औचित्यको आधारमा तोके बमोजिमको रकम प्रदान गर्ने । यसरी संस्थागत हेरचाहमा राख्दा बालगृह वा पुनरुथापना केन्द्र वा बाल सुधार गृहसंग सम्झौता गरी सिधै उपलब्ध गराउन सकिनेछ ।

(च) वैकल्पिक हेरचाहका लागि पुनरुथापना वा दिशान्तर गर्नु पर्ने बालबालिकालाई बालगृह वा पुनरुथापना केन्द्र वा बाल सुधार गृहको संरक्षणमा पठाउँदा निजको परिवार वा अभिभावक वा कानुनी संरक्षक वा संस्थाको प्रतिनिधि वा हेरचाहकर्ता एक जनालाई खाना तथा बास खर्च बापत दैनिक रु १००० (एक हजार रुपैया) सम्म मात्र का दरले बढीमा ५ दिन सम्मको रकम र बाटोमा आउदा जादा लाग्ने सार्वजनिक यातायातको खर्च प्रदान गर्न सकिनेछ ।

(छ) निःशुल्क कानुनी सहायता उपलब्ध हुन नसकी थप कानुनी सहायता आवश्यक परेको खण्डमा सो को लागि लाग्ने रकम बढीमा रु १०००० (दश हजार रुपैया ) सम्म मात्र प्रदान गर्न सकिनेछ,

(ज) मनोविमर्श सेवा आवश्यक परेको खण्डमा सो सेवा प्रदान गरे वापत मनोविमर्शकर्तालाई प्रति व्यक्ति रु १००० (एक हजार रुपैया) सम्म मात्र प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) अनुसार खर्च गर्दा देहायका कागजातहरुका आधारमा मात्र खर्च गर्नुपर्ने छः (क) विशेष संरक्षण आवश्यक भएको बालबालिका हो भन्ने बारे स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस पत्र र बालबालिकाको जन्मदर्ता प्रमाणपत्र वा जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्ममिति देखिने पत्र पेश गर्नु पर्ने छ । सो उपलब्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र वा सम्बन्धित वडाको सिफारीसपत्र,

(ख) बालबालिकाको बाबु आमाको मृत्युदर्ता प्रमाणपत्र वा स्थानीय तहको सिफारिस पत्र, संरक्षकको हकमा संरक्षक हो भनी वडाले दिएको सिफारीस पत्र, ५ वर्ष पुरा गरेको बालबालिकाको हकमा नियमित विधालय जाने गरेको भनी विद्यालयले दिएको सिफारीस पत्र,

(ग) अपांगता भएका बालबालिकाहरुको हकमा अपांगता परिचयपत्र । सो परिचयपत्र उपलब्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र, कानुनी सहायता र मनोविमर्श सेवा आवश्यक भएका बालबालिकको हकमा अवस्था हेरी सम्बन्धित कानुन व्यवसायी वा विशेषज्ञसँगको समन्वयमा समितिको निर्णयको आधारमा,

(३) उपदफा (२) बमोजिमका आधारमा तत्कालै सहयोग गर्नु पर्ने अवस्थामा समितिको बैठकबाट पछि अनुमोदन हुने गरी समितिका संयोजक र मन्त्रालयमा बालबालिका सम्बन्धी तोकिएका अधिकृतको संयुक्त निर्णयमा सहयोग उपलब्ध गराउन सकिने छ ।

(४) विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बाल बालिकाहरुलाई सहयोग प्रदान गर्दा अनुसूची १ को ढाँचामा आवेदन फारम भराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बालबालिकाहरुलाई सहयोग प्रदान गर्दा संघीय सरकार, स्थानीयः सरकारले प्रदान गरेको सहयोगमा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ ।तर त्यस्ता बालबालिकालाई थप सहयोग आवश्यक भएको भनि स्थानीय तहबाट सिफारिस भइ आएमा थप सहयोग प्रदान गर्न बाधा पुगेको मानिने छैन ।

**परिच्छेद ६**

**संचालक समितिको गठन**

६.१ कोष संचालनका लागि देहाय बमोजिमको एक बाल संरक्षण कोष संचालक समिति रहनेछ ।

(क)गाउँपालिकाको उपाध्यक्ष– संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत ‘सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक ‘सदस्य

(घ) न्यायीक शाखा प्रमुख ‘सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख ‘सदस्य सचिव

**परिच्छेद ७**

संचालक समितिको काम कर्तव्य र अधिकार

७.१ संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कुनै बालबालिका आपतकालिन अवस्थामा रहे नरहेको वा विशेष संरक्षणको आवश्यकता भए नभएको भन्ने बारे निर्णय गर्ने,

(ख) आपतकालिन अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि उद्धार गर्ने, पुनरुथापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) आपतकालिन अवस्थामा रहेका वा विशेष संरक्षणको आवश्यकता भए नभएको सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ङ) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने राहत उपलब्ध गराउने र पुनस्र्थापना गर्ने,

(च) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(छं) कोष स्थायित्वको लागि आवश्यक पहल गर्ने र बृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(झ) आपतकालिन अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने,

**परिच्छेद ८**

**संचालक समितिको बैठक सम्बन्धी व्यवस्था**

(१ं) संचालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) संचालक समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(३) संचालक समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।तर आपतकालिन बिषेष अवस्थामा बैठक तरुन्तै पनि बस्न सक्ने छ ।

(४) संचालक समितिको तत्काल कायम रहेको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) संचालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) संचालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले आवश्यकता अनुसार सरकारी निकाय बालबालिकासंग सम्बन्धित संघ संस्था, बाल अधिकारकर्न्मी र अन्य कुनै सरोकारबाला व्यक्ति वा संस्थालाई समितिको बैंठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) संचालक समितिको निर्णय समितिको संयोजकले गर्नेछन ।

(९) संचालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ९

## विविध

१०. कोषको प्रशासनिक खर्च समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकमको ०.५ (शुन्य दशमलव पाँच) प्रतिशत भन्दा बढी हुने छैन ।

११. कोषको खाता संचालन : (१) कोषको खाता संचालन गर्दा सरकारी कारोबार गर्न स्वीकृती प्राप्त बैंकमा खाता खोली संचालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको खाताको संचालन प्रमुख प्रशाशकिय अधिकृत र आर्थिक प्रशासन शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१२. अनुगमन र मुल्याङकन : दफा ७ बमोजिम गठित समितिको संयोजक(सदस्य सचिवले) कार्यक्रम कार्यन्वयनको अनुगमन गर्नेछ । र सम्बन्धित शाखाले भत्ता वितरणको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१३. कोषको लेखा र लेखा परीक्षण : (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२)कोषको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम र अन्तिम लेखा लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१४. प्रतिवेदन पेश गर्ने : संचालक समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

१५. कोषको सचिवालयः कोषको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ ।

१६.अभिलेख राख्ने : (१) संचालक समितिले आफूले गरेको काम कारबाहीको अभिलेख सदस्य सचिवले दुरुस्त राख्नु पर्नेछ ।

(२) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई प्रदान गरिएको सहायता सम्बन्धी मूल अभिलेख अनुसुची (२) को ढाँचामा राख्नु पर्नेछ ।

१७. निर्देशन दिन सक्ने : (१) गाउँपालकाले संचालन समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. अधिकार प्रत्यायोजन : संचालक समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक सदस्य वा गाउँपालिकाको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः बेथानचोक गाउँपालिकाले यो कार्यविधि लागु हुनु भन्दा अघि गरेका,भएका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

२०. संसोधन र खारेजी : यो कार्यबिधिको आबश्यक संसोधन र खारेज गर्ने अधिकार गाउँ कार्यपालिकालाई मात्र हुने छ ।

अनुसूची (१)

(दफा ६ को उपदफा (४) संग सम्बन्धित )

बेथानचोक गाउँपालिका विशेष संरक्षणको आवश्यक भएका बालबालिका लागि बाल कल्याण कोषबाट सहायता प्राप्त गर्नका लागि आवेदन फारमको ढाँचा

१. बालबालिकाको विवरणः

नाम,थरः ..............................................लिङ्ग...................उमेर ....................

गाउँपालिका ÷नगरपालिका........................... वडा नं............. गाउँ÷ टोल ........................................ जिल्ला.........................प्रदेश ...................... विद्यालय गएको भए नाम ठेगाना ............................................. कक्षा................. स्वास्थ्य अवस्था .................................................................................................. जन्म दर्ता भएको ÷ नभएको ................................................................... २. बाबुको विवरणः

(१) बाबुको नाम थर ............................................................................... (२) बाबु नभएको भए सोको कारण

(क) मृत्यु भएको

(ख) बेपत्ता

(ग) अर्कार्े विवाह गरेको

(घ) अन्य ..........................................................................

३. आमाको विवरण :

(१) आमाको नाम थर.................................................................................. (२) आमा नभएको भए सोको कारण :

(क) मृत्यु भएको

(ख) बेपत्ता

(ग)अर्को विवाह गरेको

घ)अन्य..........................................................................................

३. अपांगता भएका आमा बाबु वा अभिभावक भएमा अपांगताको परिचयपत्र नं.........

अपांगताक किसिम ..........................................................................

४.पारिवारिक विवरणः

क्र.सं. परिवारको सदस्यको नाम बालकसँगको नाता उमेर पेशा

५. कुन किसिमको विशेष संरक्षण आवश्यक भएको बालबालिका हो खुलाउने

...................................................................................................

आवेदकको दस्तखत :

नाम थर :

बालकसंगको नाता :.................................................................

ठेगाना :.....................................................................

मिति :

सम्पर्क नं..............................................................................

## अनुसूची २

## (दफा १६ को उपदफा (२) संग सम्बन्धित)

बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

बेथानचोक गाउँपालिका बाल कल्याण कोषबाट सहायता प्रदान गरिएका विशेष संरक्षण आवश्यक भएका बालबालिकाको अभिलेखः

| क्र.सं | मिति | लाभग्राहि बालबालिकाको नाम | ठेगाना | अभिभावक /संरक्षकको नाम | सहायताको किसिम | उपलब्ध गराईएको रकम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

श्री राजेन्द्र भण्डारी